२०२६ अप्रिल १ तारिक देखि लागु हुने गरि

# साइकल यात्रीहरूका लागि, नयाँ ट्राफिक नियम टिकट प्रणाली (सामान्यता, [निलो चिट] भनिने) कार्यान्वयन भएको छ, नियम उल्लङ्घन गरेमा जरिवाना लाग्नेछ ।

## संशोधन भएका मुख्य बुँदाहरू

- तुलनात्मक रूपमा, साना साना ट्राफिक उल्लङ्घन गर्ने साइकल प्यात्रीहरूलाई जरिवाना गरिन्छ।
- यदि तपाईंले जरिवाना तिर्नुभयो भने, फौजदारी सजाय लाग्ने छैन।
- यदि तपाईंले ट्राफिक नियम उल्लंघन गरि, प्रहरीले निलो चिट (ट्राफिक उल्लंघन गरेको कागजात जस्तैः जरिवाना भुक्तानी पर्ची वा टिकट) दिएमा त्यो कागजात र जरिवाना रकम लिएर बैंक वा हुलाक अथवा क्रेडिट यूनियनको कार्यालयको जरिवाना भुक्तानी काउन्टरमा गई तिर्नुपर्ने हुन्छ।

## ट्राफिक नियम उल्लङ्घन र जरिवानाको उदाहरणहरू

चेतावनीको लागि लक्षित गरिएको उमेर हद, १६ वर्ष पुगेको वा सो भन्दा माथिको व्यक्तिहरु हो !

**मोबाइल फोन प्रयोग गर्दै साइकल चलाएको खण्डमा**



१२,००० येन

**अवरुद्ध भएको रेलको फाटक भित्र प्रवेश गरेमा**



७,००० येन

**ट्राफिक बत्तीको संकेत पालना नगरी साइकल चलाएमा**



६,००० येन

**सडकको दायाँ तिर साइकल चलाएको खण्डमा**



६,००० येन

**「एकपटक रोक्नु」यो संकेत भएको ठाउँमा नरोकी अघि बढेको खण्डमा**




५,००० येन

**बत्ती नबाली चलाएको खण्डमा**



५,००० येन

**ब्रेक खराबी भएको खण्डमा**



ब्रेक नभएको साइकल चलाउनु वा ब्रेक बिग्रेको अवस्थाको साइकल चलाउँदाको खण्डमा

५,००० येन

**चलाउँदा इयरफोन लगाएको खण्डमा**



वरीपरीको महत्वपूर्ण आवाजहरू (जस्तै ट्राफिक वा चेतावनीहरु) नसुनेको अवस्थामा

५,००० येन

**सँगै नारिएर चलाएको खण्डमा**



३,००० येन

**दुईजना चढेको खण्डमा**



३,००० येन

यो पहिले नै २०२४ नोभेम्बर १ तारिक बाट लागु भइसकेको छ।

**रक्सी सेवन गरेर साइकल चलाएको खण्डमा**



५ ३ वर्षसम्मको कैद अथवा ५,००,००० येनसम्मको जरिवाना

作成：女川町・女川町交通安全都市推進協議会
協力：一般社団法人まちとこ・公益財団法人宮城県国際化協会(MIA)

ネパール語